नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति

आम उपभोक्ताको स्वास्थ्य र सुविधा कायम राख्न खाद्य ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्दै खाद्य प्रविधिको विकास तथा खाद्यमा आधारित पोषणको सुधारका लागि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन र खाद्य पदार्थको विश्लेषण परिक्षणका लागि विश्वसनीय प्रयोगशाला सेवा प्रदान गर्ने कार्य खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयहरुबाट हुँदै आएको छ ।

*विभागको संगठन संरचना बिस्तार* : हाल विभागको संगठन संरचना बमोजिम काठमाडौंमा विभाग; बिराटनगर, जनकपुर, हेटौंडा, भैरहवा, नेपालगञ्ज र धनगढी स्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरु; झापा, इनरवा, धनकुटा, उदयपुर, राजविराज, मलंगवा, जलेश्वर, पर्सा, चितवन, काठमाडौं, धुलिखेल, नुवाकोट, सिन्धुली, दमौली, पोखरा, बाग्लुङ, तानसेन, तौलिहवा, दाङ, सुर्खेत, जुम्ला, डोटी, डडेल्धुरा र बैतडी स्थित २४ डिभिजन कार्यालयहरु र काँकडभिट्टा, रानी, जलेश्वर, त्रिभुवन विमान स्थल, तातोपानी, रसुवा, बीरगञ्ज, भैरहवा, कृष्णनगर, नेपालगञ्ज, धनगढी र कञ्चनपुर गरी १२ स्थानमा खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरु गरी ४३ कार्यालयहरु रहेका छन् । कूल दरबन्दीमा १०३ थप भई विभागको समग्र कार्य प्रभावकारितामा वृद्धि हुने अपेक्षा राखिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयहरुबाट २०७५ श्रावण १ देखि २०७६ असार मसान्त सम्ममा सम्पन्न मुख्य मुख्य कार्यहरु र सोबाट हासिल प्रगति यस प्रकार रहेको छ ।

१. खाद्य उद्योग तथा बजार निरीक्षण अनुगमन र गुणस्तर नियमन

- यस अवधिमा विभाग तथा मातहतका कार्यालयहरुबाट बजार निरीक्षण अनुगमन गरी अनुसन्धानात्मक तथा ऐन नियमानुसार जम्मा ४,८१३ नमूना सङ्कलन भएकोमा खाद्य र दाना ऐन बमोजिम संकलित १,७१७ नमूनाहरुको विश्लेषण परीक्षण प्रतिवेदन अनुसार १२७ नमूनाहरु मापदण्डको प्रतिकूल पाइएका थिए । प्रतिकूल नमूना मध्ये सबैभन्दा बढी प्रशोधित पिउने पानी ४७, तेल तथा घिउ २५, दूध तथा दुग्ध पदार्थ २३ रहेका थिए भने त्यसपछि क्रमश: खाद्यान्न तथा दलहन ७, फल तथा सागपात ७, दाना पदार्थ ७, बाँकि अन्य खाद्य पदार्थ रहेका थिए ।

- यस अवधिमा खाद्य /दाना उद्योग, होटल रेष्टुरेण्ट, राजमार्गका होटल गरी ३,५२६ पटक निरीक्षण अनुगमन गरिएको थियो ।
- विभागमा प्राप्त विभिन्न विषयका जम्मा ११ उजुरी उपर कारबाही गरिएको थियो ।
- खाद्य र दाना ऐन तथा नियम अनुसार न्यूनस्तर तथा दूषित उत्पादन तथा बिक्रीवितरण गरेको कसूरमा १४८ थान मुद्दा विभिन्न जिल्ला प्रशासन कार्यालय तथा जिल्ला अदालतमा दायर गरिएको थियो । दायर गरिएका १४८ थान मुद्दा मध्ये सबैभन्दा बढी प्रशोधित पिउने पानीका ३९, खाद्य तेलका २९, दानाका ६ तथा अन्य विभिन्न खाद्य पदार्थका रहेका थिए । उक्त मुद्दाहरुमध्ये ४२ मुद्दा दुषितका, ८३ मुद्दा न्यून गुणस्तरका तथा बाँकि लेवल लगायतका विवरण नमिलेका र निर्देशिका उलंघन गरेका थिए ।
- यस अवधिमा ५९२ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी, १,५८४ उद्योग अनुज्ञापत्र नवीकरण तथा १,५०५ नयाँ उद्योग स्थापना गर्न सिफारिश गरिएको थियो।

२. खाद्य आयात नियमन

- खाद्य आयात निर्यात निरीक्षण तथा गुण प्रमाणिकरण प्रणाली सम्वन्धी निर्देशिकाले व्यवस्था गरे अनुरूप आयात गर्नु पूर्व अनिवार्यरूपमा अनुमति लिनुपर्ने भनी व्यवस्था गरिएका विभिन्न खाद्यवस्तुहरूको आयात अनुमति लिने क्रममा आ व २०७५/७६ मा कुल १८,५९७ आयात अनुमति जारी गरिएकोमा मुख्यतया मसलाजन्य पदार्थ ३,०७३ खाद्यान्न २,१११ फलफूलजन्य खाद्य पदार्थ १,३६२ दलहन १,६७२ लगायतका खाद्यवस्तुलाई अनुमती प्रदान गरिएको थियो । यसै क्रममा दूध तथा दुग्धजन्य पदार्थका ५, तेलका ४, चिनीजन्यका ६, पेय पदार्थका ६, सुपारीका १०, लगायतका अन्य विविध खाद्य पदार्थहरु गरी १८१ खाद्यवस्तुको अनुमती अस्विकृत गरिएको थियो ।
- नेपालमा आयात हुने खाद्य पदार्थहरूको गुण प्रमाणीकरणका क्रममा ४५,३४४ नमूनाहरू जाँच विश्लेषण गरिएकोमा विभिन्न खाद्यवस्तुका ६६ नमूनाहरु मापदण्ड अनुरुप पाइएन ।

३. खाद्य स्तर निर्धारण

क. स्वीकृत निर्देशिका

- दूध तथा दुग्ध पदार्थको स्वच्छता एवं गुणस्तर निर्देशिका, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ ।

ख. खाद्य स्तर निर्धारण समितिको बैठकको निर्णय

- विभिन्न खाद्य वस्तुमा माइकोटक्सिनको अधिकतम सीमा (Maximum Residue Limit -MRL),
- गुँदपाकको मापदण्ड
- पुष्टकारीको मापदण्ड
- वनस्पति घिउतेल तथा घिउमा टोटल पोलार मेटेरियलको अधिकतम सीमा

४. राष्ट्रिय खाद्य स्वच्छता नीति जारी भएको सम्वन्धमा

यस आ. व. २०७५/७६ खाद्य पदार्थमा स्वच्छता र गुणस्तरीयता कायम गर्दै आम उपभोक्ताहरुको स्वास्थ्यको संरक्षण र संविधान बमोजिमको हकको प्रत्याभूति गर्नाका साथै राष्ट्रिय खाद्य उद्योग र व्यवसायहरुको विकास तथा खाद्य वस्तुको निर्यात प्रवर्द्धन गरी "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा हासिल गर्न योगदान पुर्याउने दूरदृष्टि सहितको राष्ट्रिय खाद्य स्वच्छता नीति, २०७६ नेपाल सरकारबाट स्वीकृत भै खाद्य स्वच्छता सम्वन्धी नीतिगत व्यवस्था भएको छ ।

५. प्रयोगशाला सेवा

- यो आ व मा विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरूका प्रयोगशालाहरूबाट खाद्य ऐन नियम कार्यान्वयनका क्रममा सङ्कलित नमुना, खाद्य उद्योग अनुज्ञापत्रका लागि सङ्कलित नमुनाहरु लगायत सेवाग्राहीहरूबाट अनुरोध भई आएका समेत कुल १४,८८३ नमूनाहरू प्रयोगशाला जाँच परीक्षण गरिएको थियो ।
- प्रयोगशाला एक्रेडिटेशन: विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालालाई रासायनिक, जीवनाशक विषादीको अवशेष, माइकोटक्सिन, हेभि मेटल तथा सूक्ष्मजैविक विषय गरी विभिन्न २६ खाद्य पदार्थहरुका १०१ विषयमा नयाँ सस्करण ISO/IEC 17025:2017 द्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको छ ।

६. खाद्य प्रविधि विकास तथा पोषण सम्वन्धी प्रवर्द्धनात्मक कार्यक्रम

- आ. व. २०७५/७६मा विभिन्न २६ किसिमका ट्रायल परीक्षण अध्ययन गरिएकोमा मुख्य मुख्य निम्न अनुसन्धान रहेका थिए ।
  - बरफमा पांगस माछाको भण्डारण अध्ययन
  - केरामा आधारित परिकार विकास
  - सुन्तले सखखरखण्डको परिकार विकास बारे अध्ययन
  - चामलमा आधारित पेय विकास अध्ययन
  - लहरे आँपको परीकार विकास
  - एभोकाडो पेष्ट
  - प्रोबायोटिक गुन्द्रुक
  - गाजरयुक्त ढिक्री
  - हुम्मुसको भण्डारण
- पोषिलो परिकार विकास
  - अमला र सखखर मिश्रित क्याण्डी
  - सुन्तले सखखरखण्डको प्यान केक, पराठा
  - जौ चना भटमासमा आधारित ब्रेकफास्ट विकास

- तालिम कार्यक्रम

  आ. व. २०७५/७६मा निम्नानुसारका विभिन्न तालिमहरु सम्पन्न गरिएका थिए ।
  - विभाग तथा क्षेत्रीय कार्यालयहरुबाट खाद्य प्रबिधि र पोषण सम्बन्धी तालिम १,०२० जनालाई प्रदान गरिएको थियो ।
  - खाद्य उद्यमी व्यवसायी, विद्यालयका शिक्षक विद्यार्थी तथा उपभोक्ताहरू समेत ४,२८० जनालाई खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी तालिम प्रदान गरिएको थियो ।
- पोषण विश्लेषण तथा फुड कम्पोजिशन टेवलको अद्यावधिक

  विभिन्न १९७ खाद्य पदार्थहरुको पौष्टिक तत्व विश्लेषण गरी फुड कम्पोजिशन टेवलको अद्यावधिकको लागि कार्य गरेको ।

७. स्थानीय परम्परागत कृषि जन्य खाद्य पदार्थको प्रवर्द्धन तथा खाने बानीमा सुधार सम्वन्धी कार्यक्रम

खाद्य मेला आयोजना

विगतका वर्षमा जस्तै आ. व. २०७५/७६ मा पनि खानेबानी सुधारका लागि स्थानीयस्तरमा उपलब्ध हुने अल्प प्रचलित पोषिला कृषिजन्य उपजहरूको विविधीकरण हुने गरी खाद्य प्रविधि तथा पोषणसम्बन्धी अभियानमूलक अनुसन्धान, परामर्शमूलक कार्यक्रम सहित इटहरी, जनकपूर, हेटौंडा, काठमाडौं, देवदह रुपन्देही, नेपालगञ्ज तथा कञ्चनपूरमा गरी ७ स्थानमा खाद्य मेला आयोजना गरिएको थियो । विभिन्न स्वदेशी उद्योगका उत्पादन र विभिन्न जाति तथा जनजातिका परम्परागत एवम् पौष्टिक परिकार सहितका स्टलहरु रहेको उक्त खाद्य मेला आम उपभोक्ताहरुको उल्लेख्य सहभागिता रहेको थियो भने उत्कृट हुने प्रदर्शनकर्ताहरुलाई पुरस्कार वितरण गरिएको थियो ।

८. खाद्य स्वच्छता सचेतना कार्यक्रम

क. खाद्य स्वच्छता दिवस

खाद्य स्वच्छताको बारेमा आम उपभोक्ता एवं सरोकारबालाहरुलाई सचेतना गर्ने उद्देश्यले “Food Safety, Everyone’s Business” भन्ने नारा सहित ७ जून २०१९ मा प्रथम विश्व खाद्य स्वच्छता दिवस तथा “खाद्य पदार्थमा स्वच्छता, हामी सबैको प्रतिवद्धता” भन्ने नारा सहित एघारौं राष्ट्रिय खाद्य स्वच्छता दिवस विभिन्न कार्यक्रम सहित मनाइएको थियो। यस अवसरमा खाद्य स्वच्छता सहकार्यका लागि सरोकारवालाहरुको सहभागीतामा विभिन्न नाराका प्ले कार्डहरु लिई प्रभातफेरी कार्यक्रम गर्नुका साथै उत्कृष्ट उद्यमीहरु (हिमालयन स्प्रिङ्ग वाटर प्रा. लि., धुन्चे; कञ्चन पाउरोटी उद्योग, बिर्तामोड; श्री साई ड्रिङ्किङ्ग वाटर ईण्डस्ट्रिज, बीरगन्ज, पर्सा; पौडेल बेकरी, हेटौंडा, मकवानपुर; साईकृपा चिया उद्योग, बुटवल, रुपन्देही; हुलास खाद्य उद्योग प्रा. लि., कोहलपुर, बाँके; अभिषेक मौरी पालन फर्म, घोडाघोडी, कैलाली; नेपाल अर्गानिक कफि प्रडक्ट्स, तीनथाना, काठमाडौं), साथै खाद्य स्वच्छता, प्रविधि तथा पोषणका क्षेत्रमा योगदान पुर्याउनु हुने विशिष्ट व्यक्तित्व र उत्कृष्ट कर्मचारीलाई प्रमाणपत्रहरु प्रदान गरी गरिएको थियो । यस अवसरमा २०७६ ज्येष्ठ महिना भरी विभाग तथा क्षेत्रीय कार्यालयहरुबाट

विविध कार्यक्रम तथा गतिविधिहरुको आयोजना गरी खाद्य स्वच्छता महिना मनाइएको थियो । खाद्य स्वच्छता सम्वन्धमा विद्यालयहरुमा खाद्य स्वच्छता र पोषणको विषयमा सचेतना उपभोक्ता संघ संस्थाहरुसँगको सहकार्यमा उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो ।

ख. खाद्य स्वच्छता अभियान

खाद्य स्वच्छताका दृष्टिकोणले बढी जोखिमयुक्त खाद्य पदार्थहरु प्रशोधित पिउने पानी, दूध तथा खाने तेललाई प्राथमिकतामा राखी अभियानको रुपमा निम्नानुसारका प्रवर्धनात्मक तथा नियमन केन्द्रित कार्यक्रम सन्चालन गरिएका थिए ।

- प्रशोधित पिउने पानी, दूध तथा खाने तेलका लागि असल उत्पादन अभ्यास आचार संहिता लागु बारे उद्यमी व्यवसायीलाई काठमाडौं, बिराटनगर, हेटौंडा, भैरहवा, नेपालगञ्ज र धनगढीमा समेत जम्मा २१ पटक प्रशिक्षण कार्यक्रम गरी खाद्य उद्यमी एवं व्यवसायीहरुको क्षमता अभिवृद्धि गरियो ।
- विभिन्न ३२६ विद्यालयहरुमा खाद्य स्वच्छता एवं गुणस्तर सम्वन्धमा शिक्षा कार्यक्रम उपभोक्ता भेला तथा अन्य सरोकारवाला सचेतना कार्यक्रम सम्पन्न गरियो ।
- काठमाडौं, बिराटनगर, हेटौंडा, भैरहवा, नेपालगञ्ज र धनगढीका दुध, पानी तथा खाने तेलका २७४ प्रशोधन उद्योगहरुको निरीक्षण अनुगमन, नमूना संकलन निर्देशिका कार्यान्वयन अवस्था अध्ययन गरियो ।
- काठमाडौं, बिराटनगर, हेटौंडा, भैरहवा, नेपालगञ्ज र धनगढी स्थित ४७४ डेरी पसलहरुमा निर्देशिका कार्यान्वयन सम्वन्धमा निरीक्षण अनुगमन तथा नमूना संकलन गरियो ।
- काठमाडौं, बिराटनगर, हेटौंडा, भैरहवा, नेपालगञ्ज र धनगढी स्थित १४४ दुध चिस्यान संकलन केन्द्रहरु तथा दुध सहकारीहरुमा निर्देशिका कार्यान्वयन सम्वन्धमा निरीक्षण अनुगमन तथा नमूना संकलन गरियो ।
- निरीक्षण अनुगमनको क्रममा दूध, पानी तथा खाने तेलका ६७३ नमूनाहरु संकलन गरियो ।
- दूध पानी तथा खाने तेलको स्वच्छता अभिवृद्धि सम्वन्धी श्रब्य दृष्य सामाग्री निर्माण गरी प्रसारण गरियो ।

ग. खाद्य स्वच्छता अभिमुखीकरण कार्यक्रम

आ. व. २०७५/७६मा विभाग मातहतका ६ वटै कार्यालयहरुबाट बिराटनगर, जनकपुर, हेटौंडा, भैरहवा, नेपालगञ्ज र धनगढीमा पत्रकारहरुका लागि खाद्य स्वच्छता, गुणस्तर र पोषण सम्वन्धी समाचार संकलन तथा प्रकाशन प्रसारण सम्वन्धी अभिमुखीकरण कार्यक्रम सन्चालन गरिएको थियो ।

## ९. होटल रेष्टुरेण्ट स्तरीकरण

यस अवधिमा विभाग तथा मातहतका कार्यालयहरुबाट जम्मा ७२२ होटल रेष्टुरेण्ट स्तरीकरण गरिएकोमा १५ (२%) वटाले अति उत्तम (Green sticker with three stars) पाउन सफल भए भने

९० (१३%) वटाले उत्तम (Green sticker with two stars), २७६ (३८%) वटाले सन्तोषजनक (Green sticker with one star) र ३४१ (४७%) वटाले सामान्य स्तर (Yellow sticker without star) प्राप्त गरेका थिए ।

## १०. जीवनाशक विषादी अवशेष सम्वन्धमा

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७६/०२/१० को निर्णयबाट निकासी पैठारी सम्वन्धी आदेश स्वीकृत भएको र उक्त आदेश मिति २०७६/०३/०२ को नेपाल राजपत्र भाग ५ मा प्रकाशन भई सम्माननीय सर्वोच्च अदालतको अन्तरिम आदेश कार्यान्वयनको अवस्था छ । उक्त सूचनाको प्रकरण ६ को खण्ड (ग) मा उल्लेखित तरकारी तथा फलफूल पैठारी गर्दा सम्वन्धित भन्सार बिन्दुमा क्वारेन्टाइन प्रक्रिया र जीवनाशक विषादिको अवशेष परीक्षण गर्नुपर्ने व्यवस्था बमोजिम विभागले भए गरेका कार्य विवरण निम्न बमोजिम रहेको छ ।

- स्याउ, केरा, करेला, भन्टा, बन्दा, कोभी, भिन्डी, आलु, गोलभेडा र चिया गरी १० वटा तरकारी तथा फलफूलमा खाद्य स्तर निर्धारण समितिबाट जीवनाशक विषादी अवशेषको अधिकतम सीमा तोकी WTO Notification पश्चात नेपाल राजपत्रमा प्रकाशनको प्रकृयामा रहेको ।
- थप १० वटा तरकारी तथा फलफूलमा जीवनाशक विषादी अवशेषको अधिकतम सीमा तोक्न मस्यौदा तयारी गरीरहेको ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयको २०७६ असार १६ को निर्णयानुसार विभाग तथा अन्तर्गतका खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरुमा अत्याधुनिक उपकरण सहित जीवनाशक विषादीको अवशेष परीक्षण क्षमता हुने गरी स्तरोन्नति तथा सदृढिकरण गर्ने । साथै तत्कालका लागि भन्सारबाट प्राप्त नमूनाहरुको द्रुत विषादी अवशेष विश्लेषण (RBPR) परिक्षण गर्न सक्ने र तोकिएको मापदण्ड भन्दा बढि देखिएमा विस्तृत परीक्षणको लागि विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालामा पठाउने गरी कार्य भैरहेको ।
- विभाग अन्तर्गतका भैरहवा, बीरगञ्ज, नेपालगञ्ज, तथा धनगढी कार्यालयहरुमा द्रुत विषादी अवशेष परीक्षण (RBPR) विधिद्वारा तरकारी तथा फलफूल परीक्षणका लागि तालिम सम्पन्न गरेको ।

## ११. विभागको आगामी योजना

देशभित्र स्वच्छ र गुणस्तरीय खाद्यपदार्थ उत्पादन, बिक्रीवितरण तथा आयात निर्यात व्यवस्थित गरी आम उपभोक्ताको स्वास्थ्य संरक्षणका लागि यस विभागको आगामी दिनमा निम्नानुसारको योजना रहेको छ।

- दूध, पानी तथा तेलमा स्वच्छता एवम् गुणस्तर कायम राख्न देशैभरि अभियानको रुपमा कार्यक्रम सञ्चालनलाई निरन्तरता दिने ।

- विभाग अन्तर्गत राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालाको जीवनाशक विषादीको अवशेष विश्लेषण परीक्षणको क्षमता अभिबृद्धि कार्यलाई निरन्तरता दिंदै र खाद्य स्वच्छता नियमन तथा निर्यातमा सहजीकरण गर्न थप विषयको अन्तराष्ट्रिय मान्यता (Accreditation) प्राप्त गर्ने ।
- विभाग मातहतका कार्यालयहरुमा रहेको प्रयोगशालाहरुको जीवनाशक विषादीको अवशेष परीक्षणका लागि स्तरोन्नति गरिने ।
- आयातीत खाद्यवस्तुको स्वच्छता र गुणस्तर कायम गर्न खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयका प्रयोगशालाको सुदृढिकरण गर्ने ।
- राष्ट्रिय खाद्य स्वच्छता नीति लागू गर्न कार्ययोजना बनाउने ।
- खाद्य स्वच्छता तथा गुणस्तर ऐनको मस्यौदा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको परामर्श भई संसद विद्ययकमा दर्ता हुने प्रकृयामा रहेको ।
- प्रस्तावित खाद्य स्वच्छता तथा गुणस्तर ऐन बमोजिम नियमावलीको मस्यौदा तयारी क्रममा रहेको ।
- अन्तर्राष्ट्रिय मापदण्डसंग समतुल्य हुने गरी खाद्य स्वच्छता तथा गुणस्तर मापदण्डहरू तयारी / परिमार्जन गरी लागू गर्दै जाने।

अन्त्यमा, पत्रकार मित्रहरुले पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै आगामी दिनमा समेत सहकार्य गरी खाद्य पदार्थको स्वच्छता, गुणस्तर र पौष्टिक महत्वको बारेमा आम उपभोक्ता वर्गमा जनचेतना जगाउने कार्यमा सहयोग प्राप्त हुने विभागले आशा एवम् विश्वास लिएको छ ।

धन्यवाद ।

**मोहन कृष्ण महर्जन**
प्रवक्ता
२०७६।०४।१४

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## मुद्दाको विवरण

(२०७५ श्रावन १ देखि २०७६ असार मसान्त सम्म दायर गरिएका)

| क स | व्यवसायको नाम | खाद्य तथा दाना पदार्थको नाम | अभियोगको प्रकार | मुद्दा दायर स्थान | मुद्दा दायर मिति | मुद्दा दायर गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|
| १ | ॐ चावो विरो फिड ई. प्रा. लि., बारा | कुखुराको दाना (B1) | दुषित | बारा | २०७५/०४/०८ | खा. प्र. गु. नि. का., हेटौंडा |
| २ | ॐ चावो विरो फिड ई. प्रा. लि.,बारा | कुखुराको दाना (B2) | दुषित | बारा | २०७५/०४/०८ | खा. प्र. गु. नि. का., हेटौंडा |
| ३ | ॐ चावो विरो फिड ई. प्रा. लि.,बारा | कुखुराको दाना (B3) | दुषित | बारा | २०७५/०४/०८ | खा. प्र. गु. नि. का., हेटौंडा |
| ४ | गणपति वनस्पति, बारा | प्र. सुर्यमुखी तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., हेटौंडा |
| ५ | श्री कृष्ण आयल एण्ड रीफाईनरी, बारा | वनस्पति घ्यू | न्यून गुणस्तर | बारा | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., हेटौंडा |
| ६ | श्री कृष्ण आयल एण्ड रीफाईनरी, बारा | वनस्पति घ्यू | न्यून गुणस्तर | बारा | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., हेटौंडा |
| ७ | गणपति वनस्पति, बारा | प्र. सुर्यमुखी तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., हेटौंडा |
| ८ | शिवशक्ती घ्यू उद्योग प्रा. लि., बारा | प्र. पामोलिन तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., हेटौंडा |
| ९ | शिवशक्ती घ्यू उद्योग प्रा. लि., बारा | वनस्पति घ्यू | न्यून गुणस्तर | बारा | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., हेटौंडा |
| १० | अन्नपूर्ण भेजिटेवल प्रोडक्ट्स, बारा | वनस्पति घ्यू | न्यून गुणस्तर | बारा | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., हेटौंडा |
| ११ | हनुमान छाप दालमोठ उद्योग, बारा | दालमोठ | लेवल | बारा | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., हेटौंडा |

| क्र. स. | व्यवसायको नाम | खाद्य तथा दाना पदार्थको नाम | अभियोगको प्रकार | मुद्दा दायर स्थान | मुद्दा दायर मिति | मुद्दा दायर गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|
| १२ | जय माँ लक्ष्मी डेरी उद्योग, बारा | घ्यू | न्यून गुणस्तर | बारा | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., हेटौंडा |
| १३ | एग्रो प्रोसेसिङ् ईण्ड., लिपनमिल-८, बारा | आ. तोरी तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., हेटौंडा |
| १४ | एग्रो प्रोसेसिङ् ईण्ड., लिपनमिल-८, बारा | आ. तोरी तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., हेटौंडा |
| १५ | नारायणी आयल रीफाईनरी, बारा | प्र. सुर्यमुखी तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., हेटौंडा |
| १६ | एग्रो प्रोसेसिङ् ईण्ड., लिपनमिल-८, बारा | प्र. सुर्यमुखी तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., हेटौंडा |
| १७ | आदर्श आयल ईण्ड., बारा | तोरीको तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., हेटौंडा |
| १८ | नारायणी आयल रीफाईनरी, बारा | तोरीको तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., हेटौंडा |
| १९ | बजरंग स्पेशल मसला रिप्याकिङ्ग, पर्सा | स्पेशल मसला | लेवल | पर्सा | २०७५/०४/११ | खा. नि. इकाई, पर्सा |
| २० | बोलबल प्योर ड्रिकिङ्ग वाटर, पर्सा | प्र. पिउने पानी | न्यून गुणस्तर | पर्सा | २०७५/०४/११ | खा. नि. इकाई, पर्सा |
| २१ | श्रृष्टी फुड ईण्ड, पर्सा | फ्रायुम्स | न्यून गुणस्तर | पर्सा | २०७५/०४/११ | खा. नि. इकाई, पर्सा |
| २२ | डेरी फ्रेस उद्योग, पर्सा | प्योर घ्यू | न्यून गुणस्तर | पर्सा | २०७५/०४/११ | खा. नि. इकाई, पर्सा |
| २३ | कुसुम डेरी उद्योग, पर्सा | शुद्ध घ्यू | न्यून गुणस्तर | पर्सा | २०७५/०४/११ | खा. नि. इकाई, पर्सा |
| २४ | प्रोवायोटिक ईण्ड प्रा. लि., पर्सा | गाई भैसीको दाना | दुषित | पर्सा | २०७५/०४/११ | खा. नि. इकाई, पर्सा |
| २५ | प्रोवायोटिक ईण्ड प्रा. लि., पर्सा | गाई भैसीको दाना | दुषित | पर्सा | २०७५/०४/११ | खा. नि. इकाई, पर्सा |
| २६ | चन्द्रायण स्वीट्स, भक्तपुर | लड्डु | दुषित | भक्तपुर | २०७५/०४/१४ | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| २७ | दिव्य स्वीट्स, भक्तपुर | निम्की | दुषित | भक्तपुर | २०७५/०४/१४ | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| २८ | माता सरस्वती खानेपानी प्रा. लि., कागेश्वरी, मनहरा | प्र पिउने पानी | दुषित | काठमाडौं | २०७५/०४/१५ | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| २९ | पन्च वेभरेज प्रा. लि., बनेपा-५ | प्र पिउने पानी | दुषित | काभ्रे | २०७५/०४/१८ | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| ३० | गंगा खानेपानी उद्योग, गोकर्णेश्वर न. पा. ३ | प्र पिउने पानी | दुषित | काठमाडौं | २०७५/०४/१८ | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| ३१ | शंखधर मिठाइ पसल, भक्तपुर | पेडा | न्यून गुणस्तर | भक्तपुर | २०७५/०४/२० | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| ३२ | ठाकुर एग्रो ईण्डष्ट्रिज, कैलाली | चामल | दुषित | कैलाली | २०७५/०४/२१ | खा. प्र. गु. नि. का., धनगढी |
| ३३ | बौद्धनाथ घ्यू उद्योग, कागेश्वरी, मनहरा | घ्यू | न्यून गुणस्तर | काठमाडौं | २०७५/०४/२४ | खा. प्र. गु. नि. विभाग, काठमाडौं |

| क्र.सं. | व्यवसायको नाम | खाद्य तथा दाना पदार्थको नाम | अभियोगको प्रकार | मुद्दा दायर स्थान | मुद्दा दायर मिति | मुद्दा दायर गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|
| ३४ | बागमती स्वीट्स प्रा लि, काठमाडौं | लड्डु | दुषित | काठमाडौं | २०७५/०४/२४ | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| ३५ | गोरखा वेभरेज प्रा. लि., जोरपाटी | प्र पिउने पानी | ऐन नियम विपरित | काठमाडौं | २०७५/०४/२४ | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| ३६ | आरती स्वीट प्रा. लि., बल्खु | मिठाइ | दुषित | काठमाडौं | २०७५/०४/२४ | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| ३७ | जय प्रकाश मिठाइ पसल, गोकर्णेश्वर न पा १ | मिठाइ | दुषित | काठमाडौं | २०७५/०४/२४ | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| ३८ | सुधा जल उद्योग प्रा. लि., सर्लाही | प्र पिउने पानी | दुषित | काठमाडौं | २०७५/०४/२८ | खा. नि इकाई, सर्लाही |
| ३९ | सगरमाथा फुड एण्ड वेभरेज प्रा. लि., सर्लाही | प्र पिउने पानी | दुषित | काठमाडौं | २०७५/०४/२९ | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| ४० | श्री कृष्ण वेभरेज, काठमाडौं | प्र पिउने पानी | न्यून गुणस्तर | काठमाडौं | २०७५/०४/२९ | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| ४१ | अल्ला उद्दिन अन्सारी, खलिलाबाद भारत, हाल कोहलपुर- ८, बाँके | मह | न्यून गुणस्तर | बाँके | २०७५/०४/२९ | खा. प्र. गु. नि. का., नेपालगन्ज |
| ४२ | मोहोमोद अन्सारी, कबीरनगर, भारत, हाल कोहलपुर- ८, बाँके | चुक | न्यून गुणस्तर | बाँके | २०७५/०४/२९ | खा. प्र. गु. नि. का., नेपालगन्ज |
| ४३ | डि डि सी पशु आहार उत्पादन कारखाना, मकवानपुर | गाई भैसीको दाना | दुषित | मकवानपुर | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ४४ | श्री हरि टि ईण्ड प्रा लि, झापा (शुभ सरोज स्टोर्स) | मसला चिया | लेवल | मकवानपुर | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ४५ | श्री कृष्ण आयल एण्ड रीफाईनरी, बारा | वनस्पति घ्यू | न्यून गुणस्तर | बारा | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ४६ | श्री कृष्ण आयल एण्ड रीफाईनरी, बारा | सुर्यमुखी तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ४७ | श्री कृष्ण आयल एण्ड रीफाईनरी, बारा | सोयाबिन तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ४८ | श्री कृष्ण आयल एण्ड रीफाईनरी, बारा | वनस्पति घ्यू | न्यून गुणस्तर | बारा | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ४९ | श्री कृष्ण आयल एण्ड रीफाईनरी, बारा | प्र. पामोलिन तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ५० | श्री कृष्ण आयल एण्ड रीफाईनरी, बारा | वनस्पति घ्यू | न्यून गुणस्तर | बारा | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ५१ | श्री कृष्ण आयल एण्ड रीफाईनरी, बारा | प्र. पामोलिन तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ५२ | आदर्श आयल ईण्ड., बारा | तोरीको तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

| क्र. स. | व्यवसायको नाम | खाद्य तथा दाना पदार्थको नाम | अभियोगको प्रकार | मुद्दा दायर स्थान | मुद्दा दायर मिति | मुद्दा दायर गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|
| ५३ | श्री कृष्ण आयल एण्ड रीफाईनरी, बारा | तोरीको तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ५४ | श्री कृष्ण आयल एण्ड रीफाईनरी, बारा | वनस्पति घ्यू | न्यून गुणस्तर | बारा | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ५५ | श्री राम खाद्य उद्योग, बारा | मैदा | न्यून गुणस्तर | बारा | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ५६ | मनकामना एग्रो प्रोसेसिङ्ग उद्योग, बारा | तोरीको तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ५७ | शिवशक्ती घ्यू उद्योग प्रा. लि., बारा | प्र. सुर्यमुखी तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ५८ | श्री एग्रो प्रोसेसिंग ईण्ड, बारा | प्र. सुर्यमुखी तेल | न्यून गुणस्तर | बारा | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ५९ | सरस प्याकेजिङ् ईण्डष्ट्रिज | बेसन | न्यून गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ६० | सरस प्याकेजिङ् ईण्डष्ट्रिज | बेसन | न्यून गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ६१ | आइसल्याण्ड ड्रप | प्र. पिउने पानी | दुषित | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ६२ | पुष्पराज फुड प्रोडक्ट | दालमोठ | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ६३ | जि. एल. फुड्स | बेसार धूलो | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ६४ | ऊ जल उद्योग | प्र. पिउने पानी | दुषित | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ६५ | बोतलर्स नेपाल तराई लि. | हल्का पेय पदार्थ | लेवल | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ६६ | न्यु होप एग्रो विजनेश | लेयर्स दाना | दुषित | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ६७ | कामधेनु एग्रो मिल्स प्रा. लि. | आँटा | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ६८ | अगम वेभरेज ईण्डस्ट्रिज | प्र. पिउने पानी | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ६९ | जि. एल. फुड्स | खुर्सानी धूलो | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ७० | कृष्ण ढकाल (डि एस एम मिनरल वाटर ई.) | प्र. पिउने पानी | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ७१ | लक्ष्मी नारायण मिल | भुजा | लेवल | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ७२ | आचार्य अमिलो तथा अचार उद्योग | चुक अमिलो | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ७३ | स्मार्ट फुड एण्ड स्नायक्स प्रा. लि. | तयारी चाउचाउ | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ७४ | पहाडी अमिलो उद्योग | चुक अमिलो | लेवल | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ७५ | आचार्य अमिलो तथा अचार उद्योग | चुक अमिलो | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |

| क्र. सं. | व्यवसायको नाम | खाद्य तथा दाना पदार्थको नाम | अभियोगको प्रकार | मुद्दा दायर स्थान | मुद्दा दायर मिति | मुद्दा दायर गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|
| ७६ | आदर्श फुड प्रोसेसिङ्ग | बेसन | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ७७ | आदर्श फुड प्रोसेसिङ्ग | बेसन | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ७८ | कुशल नुडल्स | चाउमिन | लेवल | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ७९ | सबु ट्रेड प्रा. लि., तमिलनाडु, भारत | साबुदाना | लेवल | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ८० | कँडेल खाद्यान्न स्टोर्स | तोरीको तेल | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ८१ | ओम श्री हिमालचुली पाउरोटी एण्ड स्पेशल बेकरी उद्योग | पाउरोटी | लेवल | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ८२ | जि. एल. फुड्स | धूलो मसला | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ८३ | पनेरु स्टोर्स | रहर दाल | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ८४ | लक्ष्मी बिस्कुट उद्योग | क्रिमरोल, पप | लेवल | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ८५ | बोतलर्स नेपाल तराई लि. | हल्का पेय पदार्थ | लेवल | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ८६ | पशुपति सस् उद्योग | टोमेटो सस् | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ८७ | महालक्ष्मी मिस्ठान्न भण्डार | हल्का पेय पदार्थ | न्युन गुणस्तर | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ८८ | शिव शिखर एग्रिकल्चर कोअपरेटिभ लि. | चामल | लेवल | चितवन | २०७५/०४/३० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ८९ | तुलसा डेरी, मुलपानी | प्र. दूध | दुषित | काठमाडौं | २०७५/०४/३० | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| ९० | मोर्डन डेरी, भक्तपुर | प्र. दूध | दुषित | भक्तपुर | २०७५/०४/३० | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| ९१ | दुवाल ब्रदर्श प्रा. लि., नुवाकोट | प्र. पिउने पानी | दुषित | नुवाकोट | २०७५/०५/०७ | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| ९२ | नयाँ बजार मल्टी भेन्यु प्रा. लि., का. म. न. पा.- १६ | मैदा लगायत | न्युन गुणस्तर | काठमाडौं जिल्ला अदालत | २०७५/०५/११ | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| ९३ | व्याउत खाद्य उद्योग | सातु | न्युन गुणस्तर | पर्सा | २०७५/०५/२६ | खा. प्र. गु. नि. का., हेटौंडा |
| ९४ | ट्रष्ट स्पाइसेस् एण्ड ड्राई फुड्स प्रोडक्टस् | चिप्स | लेवल | पर्सा | २०७५/०५/२६ | खा. प्र. गु. नि. का., हेटौंडा |
| ९५ | मिल्क फुड डेरी प्रोडक्टस् | डेरी घ्यू | न्युन गुणस्तर | बारा | २०७५/०६/२० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ९६ | शुभ डेरी ई. प्रा. लि. | दहि | दुषित | हेटौंडा | २०७५/०६/२० | खा. प्र. गु. नि. का., हेटौंडा |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

| क्र. सं. | व्यवसायको नाम | खाद्य तथा दाना पदार्थको नाम | अभियोगको प्रकार | मुद्दा दायर स्थान | मुद्दा दायर मिति | मुद्दा दायर गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|
| ९७ | शुभ वेभरेज ई. प्रा. लि. | प्र. पिउने पानी | दुषित | हेटौंडा | २०७५/०६/२० | खा. प्र. गु. नि. का., हेटौंडा |
| ९८ | देवानन्द किराना | सरसों तेल | न्युन गुणस्तर | पर्सा | २०७५/०७/०७ | खा. प्र. गु. नि. का., हेटौंडा |
| ९९ | पिन्टु किराना | किसमिस | लेवल | पर्सा | २०७५/०७/०७ | खा. प्र. गु. नि. का., हेटौंडा |
| १०० | सचिन किराना स्टोर | खुल्ला रहर दाल | दुषित | सिराहा-१ | २०७५/०५/२१ | जि. खा. नि. ई., सिराहा |
| १०१ | धिरज पान मसला भण्डार | बिस्कुट | न्युन गुणस्तर / लेवल | सिराहा-१ | २०७५/०५/२१ | जि. खा. नि. ई., सिराहा |
| १०२ | धिरज पान मसला भण्डार | रहर दाल | दुषित | सिराहा-१ | २०७५/०५/२१ | जि. खा. नि. ई., सिराहा |
| १०३ | नारायण पेय जल उद्योग, सिराहा | प्र. पिउने पानी | दुषित | सिराहा-१ | २०७५/०५/२१ | जि. खा. नि. ई., सिराहा |
| १०४ | अंगुरा सस् उद्योग, अर्जुनधारा-६ | चिल्ली सस् | न्युन गुणस्तर | झापा | २०७५/०४/३१ | जि. खा. नि. ई., झापा |
| १०५ | अंगुरा सस् उद्योग, अर्जुनधारा-६ | टोमेटो सस् | न्युन गुणस्तर | झापा | २०७५/०४/३१ | जि. खा. नि. ई., झापा |
| १०६ | दुर्गा भवानी मिनरल एण्ड वेभरेज, झापा-१० | प्र. पिउने पानी | न्युन गुणस्तर | झापा | २०७५/०४/३१ | जि. खा. नि. ई., झापा |
| १०७ | पशुपति टेन्ट एण्ड होटल, दमक-१३ | प्र. पिउने पानी | न्युन गुणस्तर | झापा | २०७५/०४/३१ | जि. खा. नि. ई., झापा |
| १०८ | विष्णु किराना स्टोर्स, बिर्तामोड-५, झापा | कालो मासको दाल | दुषित | झापा | २०७५/०४/३१ | जि. खा. नि. ई., झापा |
| १०९ | जयमाता पाथिभरा स्टोर्स, बिर्तामोड-५ | मासको दाल | दुषित | झापा | २०७५/०४/३१ | जि. खा. नि. ई., झापा |
| ११० | बहुउदेश्यिय सहकारी संस्था लि., मे. न. पा. ८ | नौनी घ्यू | न्युन गुणस्तर | झापा | २०७५/०४/३१ | जि. खा. नि. ई., झापा |
| १११ | शिखर मसला ईन्डष्ट्रिज, पोखरा | धूलो मसला | ऐन नियम उलंघन | कास्की | २०७५/०४/३० | खा. प्र. गु. नि. का., भैरहवा |
| ११२ | जय दुर्गा मिनरल वाटर उद्योग, पो. न. पा. -२५ | प्र. पिउने पानी | न्युन गुणस्तर | कास्की | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., भैरहवा |
| ११३ | रम्भा जनरल फूड ई. प्रा. लि., पोखरा | बिस्कुट | न्युन गुणस्तर | कास्की | २०७५/०४/०९ | खा. प्र. गु. नि. का., भैरहवा |
| ११४ | वाग्लुङ्ग कालिका अमिलो तथा मसला उद्योग, गैंडाकोट | चुक | न्युन गुणस्तर | नवलपरासी (वर्दघाट-सुस्ता पूर्व) | २०७५/०४/१६ | खा. प्र. गु. नि. का., भैरहवा |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग बबरमहल, काठमाडौं

| क्र.सं. | व्यवसायको नाम | खाद्य तथा दाना पदार्थको नाम | अभियोगको प्रकार | मुद्दा दायर स्थान | मुद्दा दायर मिति | मुद्दा दायर गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|
| ११५ | मिलन किराना पसल ब्यास-२, तनहुँ उत्पादकः नेपाल चिया बिकास कर्पोरेसन लि बिर्तामोड | चिया | न्युन गुणस्तर | तनहुँ | २०७५/११/२२ | खा. प्र. गु. नि. का., भैरहवा |
| ११६ | श्रीजल उद्योग, बिराटनगर-१३ | प्र. पिउने पानी | दुषित | मोरङ्ग | २०७५/०९/०४ | खा. प्र. गु. नि. का., बिराटनगर |
| ११७ | गोमारानी उद्योग, बिराटनगर-४ | प्र. पिउने पानी | दुषित | मोरङ्ग | २०७५/०९/०६ | खा. प्र. गु. नि. का., बिराटनगर |
| ११८ | स्वादिष्ट सगुन मसला, बनेपा – ६, काभ्रे | मसला | न्युन गुणस्तर | काभ्रे | २०७५/०९/२० | खा. प्र. गु. नि. विभाग, काठमाडौं |
| ११९ | जे एस सी वाटर ईण्डष्ट्रिज, नेपालगन्ज | प्र. पिउने पानी | निर्देशिका उलंघन | बाँके | २०७५/०९/२० | खा. प्र. गु. नि. का., नेपालगन्ज |
| १२० | पशुपति ड्रिङ्किङ्ग वाटर ईण्डष्ट्रिज, नेपालगन्ज | प्र. पिउने पानी | निर्देशिका उलंघन | बाँके | २०७५/०९/२० | खा. प्र. गु. नि. का., नेपालगन्ज |
| १२१ | पुजा फुड एण्ड वेभरेज प्रा. लि., बिराटनगर-६ | प्र. पिउने पानी | दुषित | मोरङ्ग | २०७५/१०/२८ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १२२ | जोनसन जल उद्योग, बिराटनगर-१४ | प्र. पिउने पानी | दुषित | मोरङ्ग | २०७५/१०/२८ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १२३ | मंगलम वेभरेज उद्योग, बिराटनगर-१० | प्र. पिउने पानी | दुषित | मोरङ्ग | २०७५/१०/२८ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १२४ | शितल जल उद्योग, बिराटनगर-८ | प्र. पिउने पानी | दुषित | मोरङ्ग | २०७५/११/०२ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १२५ | तिरुपती जल उद्योग, बिराटनगर-२ | प्र. पिउने पानी | दुषित | मोरङ्ग | २०७५/११/०२ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १२६ | शुभ जल उद्योग, बुढिगंगा – १, मोरङ्ग | प्र. पिउने पानी | दुषित | मोरङ्ग | २०७५/११/०२ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १२७ | हाईकल वाटर ईण्डष्ट्रिज | प्र. पिउने पानी | दुषित | मोरङ्ग | २०७५/११/०२ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १२८ | गंगा जल उद्योग, बिराटनगर-८ | प्र. पिउने पानी | दुषित | मोरङ्ग | २०७५/११/०२ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १२९ | बाबादिन अहिर, कुन्नीलाल यादव र मन्जु देवी | घ्यू | न्युन गुणस्तर | बाँके | २०७५/११/०५ | खा. प्र. गु. नि. का., नेपालगन्ज |
| १३० | बि के मसला उद्योग, बिराटनगर-१३ | जिरा धूलो | न्युन गुणस्तर | मोरङ्ग | २०७५/११/१२ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १३१ | बि के मसला उद्योग, बिराटनगर-१३ | मिक्स मसला | न्युन गुणस्तर | मोरङ्ग | २०७५/११/१२ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १३२ | बि के मसला उद्योग, बिराटनगर-१३ | बेसार धूलो | न्युन गुणस्तर | मोरङ्ग | २०७५/११/१२ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १३३ | बिराट गोल्छा घ्यू प्याकेजिङ् उद्योग, बिराटनगर-१४ | घ्यू | न्युन गुणस्तर | मोरङ्ग | २०७५/११/१२ | खा. प्र. गु. नि. का., बिराटनगर |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

| क्र.सं. | व्यवसायको नाम | खाद्य तथा दाना पदार्थको नाम | अभियोगको प्रकार | मुद्दा दायर स्थान | मुद्दा दायर मिति | मुद्दा दायर गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|
| १३४ | दिव्यश्री जल उद्योग, बिराटनगर - १२ | प्र. पिउने पानी | दुषित | मोरङ्ग | २०७५/११/२२ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १३५ | माउण्टेन वाटर ईण्डष्ट्रिज, बिराटनगर - ९ | प्र. पिउने पानी | दुषित | मोरङ्ग | २०७५/११/२२ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १३६ | एस एस एस जल उद्योग, बिराटनगर - १२ | प्र. पिउने पानी | लेवल/ न्युन गुणस्तर | मोरङ्ग | २०७५/११/२२ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १३७ | पन्चकन्या ड्रिङ्किङ्ग वाटर इण्डष्ट्रिज,नेपालगन्ज | प्र. पिउने पानी | निर्देशिका उलंघन | बाँके | २०७६/०३/१६ | खा. प्र. गु. नि. का., नेपालगन्ज |
| १३८ | ओम् सपिड् सेन्टर, ब्यास-२ उत्पादकः न्यू झलक दालमोठ उद्योग, ब्यास | दालमोठ | लेवल | तनहुँ | २०७५/१२/१२ | खा. प्र. गु. नि. का., भैरहवा |
| १३९ | बन्दिपुर स्प्रीङ्ग वाटर एण्ड बेभेरेज, बन्दिपुर तनहुँ | प्र. पिउने पानी | लेवल | तनहुँ | २०७५/१२/१२ | खा. प्र. गु. नि. का., भैरहवा |
| १४० | बानियाँ तरकारी पसल, डुम्रे, तनहूँ | प्र. पिउने पानी | लेवल | तनहुँ | २०७५/१२/१२ | खा. प्र. गु. नि. का., भैरहवा |
| १४१ | श्री महालक्ष्मी मिनरल एण्ड बेभेरेज प्रा.ली, बाग्लुङ्ग | प्र. पिउने पानी | निर्देशिका उलंघन | बाग्लुङ्ग | २०७६/०२/१९ | खा. प्र. गु. नि. का., भैरहवा |
| १४२ | श्री बाबा जल उद्योग, सुन्दरहरैंचा-४ | प्र. पिउने पानी | न्यून गुणस्तर | मोरङ्ग | २०७६/०३/०४ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १४३ | गोल्डी घरेलु मसला उद्योग, बिराटनगर -९ | खुर्सानी धूलो | न्यून गुणस्तर | मोरङ्ग | २०७६/०३/०४ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १४४ | गोल्छा डेरी उद्योग, बिराटनगर | शुद्ध घ्यू | न्यून गुणस्तर | मोरङ्ग | २०७६/०३/०४ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १४५ | बाबा भेजिटेवल आयल ईण्डस्ट्रिज प्रा. लि., कटहरी | प्र. सुर्यमुखी तेल | न्यून गुणस्तर | मोरङ्ग | २०७६/०३/०४ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १४६ | क्वालिटी थाई फुड प्रा. लि., कटहरी | तयारी चाउचाउ | न्यून गुणस्तर | मोरङ्ग | २०७६/०३/०४ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १४७ | क्वालिटी थाई फुड प्रा. लि., कटहरी | तयारी चाउचाउ | न्यून गुणस्तर | मोरङ्ग | २०७६/०३/०४ | खा. प्र. गु. नि. का., बिराटनगर |
| १४८ | क्लान अक्वा ईण्डस्ट्रिज, केराबारी - ९ | प्र. पिउने पानी | न्यून गुणस्तर | मोरङ्ग | २०७६/०३/०४ | खा. प्र. गु. नि. का., बिराटनगर |